# बालिका तथा समावेशी शिक्षा सम्बन्धी रणनीति, २०८२

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

धनगढी, कैलाली, नेपाल

## कार्यकारी सारांश

नेपालको संविधानमा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरिएको छ । बालिका,अपाङ्गता भएका बालबालिका तथा अन्य सीमान्तकृत तथा पिछडिएका समुदायका बालबालिकालाई शिक्षाको अवसर सुनिश्चित गर्न शिक्षामा समावेशीकरणको प्रयास गरिएको छ । यसैगरी नेपालको संविधानले महिलाको हक, बालबालिकाको हक, दलितको हक, सामाजिक न्यायको हक र सुरक्षाको हक मार्फत विभिन्न कारणबाट हुने भेदभावबाट संरक्षणको व्यवस्था गरेको छ । तसर्थ शैक्षिक क्षेत्रले पनि विविधता संरक्षण तथा सम्बोधनका लागि समावेशीता अङ्गीकार गरेको छ ।

नेपालमा आर्थिक विपन्नता, भौगोलिक विकटता, सामाजिक बहिष्करण, अपाङ्गता, बसाइँ सराइ, बालश्रम, बालविवाह, अभिभावकविहिनता, सामाजिक मूल्य मान्यता तथा लैङ्गिक भेदभाव आदिका कारण सबै बालबालिकालाई विद्यालयमा भर्ना हुन र नियमितता दिन बाधा पुग्न गएको देखिन्छ । शिक्षाको अवसरबाट बञ्चित भएका, सिकाइलाई निरन्तरता दिन नसकेका, अध्ययन पूरा नगरी बिचैमा पढाइ छाडेका (Drop Out) विद्यार्थीको सङ्ख्या उल्लेख्य छ । यस्ता समस्या समाधानका लागि नीतिगत र संरचनागत व्यवस्थालाई व्यावहारिक, प्रभावकारी र नतिजामूलक बनाउनु आवश्यक छ ।

दिगो विकास लक्ष्य नं ४ ले राज्यले सबैका लागि समावेशी, समतामूलक र गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसर प्रदान गर्ने उल्लेख गरेको छ। यी लक्ष्य प्राप्तिका लागि र शिक्षासम्बन्धी अन्य नीतिगत व्यवस्थालाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि सरकार, विकास साझेदार र समुदायको सञ्जाल निर्माण तथा त्यसको सबलीकरणमार्फत बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकालाई समावेशी सिकाइको अवसर प्रदान गरी उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न मद्दत पुग्ने भएकाले विद्यमान शैक्षिक नीति, कानून र संरचनागत प्रबन्धहरूलाई समयानुकूल, प्रभावकारी, सशक्त र सहभागितामूलक बनाउन तीनै तहका सरकार, विकास साझेदार, समुदाय र समुदायमा आधारित समूहहरूको सञ्जाल निर्माण र परिचालन गर्न आवश्यक देखिन्छ ।

वि.सं. २०७६ सालमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन गरेसँगै सात ओटै प्रदेशमा प्रदेशस्तरीय सञ्जाल गठन भई कार्यान्वयन भइरहेको छ । त्यसै गरी स्थानीय तहमा समेत सञ्जाल गठन भई कार्यान्वयन भइरहेको छ । यसका साथै कतिपय स्थानीय तहले सञ्जालको कार्यविधि समेत निर्माण गरेर सञ्जालका क्रियाकलापलाई आफ्ना वार्षिक कार्यक्रममा समेत समावेश गरिसकेका छन् । यद्यपि बालिका तथा समावेशी शिक्षा सञ्जालको दिगो व्यवस्थापनको कार्य चुनौतीपूर्ण देखिएको छ । विशेषगरी सबै स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन गर्नुका साथै कार्यविधि विकास गरी कार्यान्वयन गर्नु, बालिका तथा समावेशी शिक्षा सञ्जालका कार्यनीति कार्यान्वयन गर्न स्थानीय तहबाट आर्थिक व्यवस्थापन गराउनु, लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट व्यवस्थापनका लागि आवश्यक कार्य गर्नु, विद्यालयलाई पहुँचयुक्त तथा समावेशी बनाउन आधारभूत सिकाइ अवस्था सिर्जना गर्न सहजीकरण गर्नु, पाठ्यक्रम तथा शैक्षणिक प्रक्रियालाई अनुकूलन गरी अपाङ्गता समावेशी शिक्षा कार्यान्वयनमा सहजीकरण गर्नु, अपाङ्गताको लेखाजोखा तथा पहिचान गर्नु र पहिचान भएका बालबालिकाको

शिक्षा एवम् पुनर्स्थापनाका लागि सहजीकरण गर्नु तथा बालिका शिक्षा तथा समावेशी शिक्षाका लागि आवश्यक पर्ने स्रोतसाधनको समुचित व्यवस्थापनका साथै अपेक्षा गरिएका सुधारहरूलाई निरन्तरता दिन सहयोग गर्ने कार्य कठिन देखिएको छ । यिनै कठिन समस्याहरूलाई सहजीकरण तथा सहयोग गर्ने लक्ष्यका साथ सुदूरपश्चिम प्रदेशको बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति तर्जुमा गरिएको छ । यस रणनीतिले लैङ्गिक समतामूलक तथा समावेशी शिक्षाको माध्यमबाट समावेशी र लैङ्गिकमैत्री समाज विकासमा योगदान पुऱ्याउने सोचका साथै वि.सं. २०८७ सम्ममा शिक्षामा समावेशीकरणका लागि बालिका, अपाङ्गता भएका तथा सीमान्तकृतसहित सबै बालबालिकाको पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुनिश्चित गर्न सहजीकरण गर्ने लक्ष्य लिएको छ। यस रणनीतिका उद्देश्य देहायबमोजिम रहेका छन्:-

१. पहुँचयोग्य, सुरक्षित र संरक्षित वातावरणमा, बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकालाई समावेशी विद्यालय शिक्षाको सुनिश्चितता गर्ने,
२. स्थानीय तहको शिक्षा योजनामा बालिका तथा समावेशी शिक्षासम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सम्बन्धित शाखा सम्बद्ध कर्मचारीको क्षमता विकास गर्ने,
३. स्थानीय तहमा बालिका तथा समावेशी शिक्षासम्बन्धी सञ्जाल गठन, पुनर्गठन गरी सञ्जालको नीति निर्माण तथा कार्यान्वयनमा सहजीकरण गर्ने,
४. बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्न सहजीकरण गर्ने,
५. बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाको सुनिश्चितताका लागि अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
६. बालिका तथा समावेशी शिक्षाका कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणका लागि सहजीकरण गर्ने ।

यस रणनीतिले विद्यालय शिक्षामा लैङ्गिक समविकास तथा समावेशीकरण, लैङ्गिक मैत्री तथा अपाङ्गता मैत्री विद्यालय विकास, विद्यालय शिक्षामा लैङ्गिक तथा अपाङ्गता समावेशीकरणका लागि सबै सरोकारवालाहरूको जवाफदेहिता सुनिश्चित गर्न प्रभावकारी संयन्त्रको स्थापना तथा परिचालन, सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन, अपाङ्गता भएका बालबालिकालाई सहयोगी सामग्रीको उपलब्धता, सुरक्षित विद्यालय वातावरणको निर्माणलाई प्राथमिकतामा राखेको छ । यस सञ्जालको रणनीतिमा मुख्य तीन ओटा रणनीतिक स्तम्भ (क) बालिका शिक्षा, (ख) सीमान्तकृत बालबालिकाका लागि समावेशी शिक्षा, (ग) अपाङ्गता समावेशी शिक्षा र छ ओटा रणनीतिहरू (क) पहुँच तथा सुरक्षा, (ख) क्षमता विकास, (ग) नीतिगत व्यवस्था तथा सुदृढीकरण, (घ) सेवा उत्प्रेरणा तथा सहयोग संयन्त्र, (ङ) सचेतना तथा समुदाय परिचालन, (च) अनुगमन तथा पृष्ठपोषण निर्धारण गरेको छ । उल्लिखित रणनीति अनुरूपका कार्यनीति, कार्यक्रम र क्रियाकलाप तय गरिएका छन् । स्रोत व्यवस्थापन, योजना कार्यान्वयन तथा अनुगमनका क्रममा सम्भावित जोखिम व्यवस्थापका तौरतरिकासमेत यस रणनीतिमा उल्लेख गरिएको छ ।

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

विषय सूची


परिच्छेद-१ (एक) ५

परिचय ५

१.१ पृष्ठभूमि ५

१.२ अन्तर्राष्ट्रिय प्रतिबद्धता ६

१.३ विद्यमान कानूनी तथा नीतिगत व्यवस्था ७

१.४ बालिका तथा समावेशी शिक्षा सञ्जालको विकासक्रम ९

१.५ वर्तमान अवस्था १०

१.६ अवसर १६

१.७ चुनौती १७

१.८ सवाल १७

१.९ बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीतिको औचित्य तथा आवश्यकता १८

१.१० बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीतिमा अवलम्बन गरिएका सिद्धान्त १९

१.११ बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति निर्माणमा अपनाइएका प्रक्रिया तथा विधि २१

परिच्छेद-२ (दुई) २२

दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता २२

२.१ दीर्घकालीन सोच २२

२.२ लक्ष्य २२

२.३ उद्देश्य २२

२.४ प्राथमिकता २२

परिच्छेद - ३ (तीन) २४

रणनीतिक स्तम्भ, रणनीति तथा कार्यनीति एवम् कार्यान्वयन प्रबन्ध २४

३.१ रणनीतिक स्तम्भ २४

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

| | | |
|---|---|---|
| ३.२ | कार्ययोजना | ३० |
| ३.३ | स्रोत व्यवस्थापन | ३० |
| ३.४ | सम्भावित जोखिमको पहिचान | ३१ |
| ३.५ | सम्भावित जोखिमको व्यवस्थापन | ३१ |

## परिच्छेद-१ (एक)

## परिचय

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

### १.१ पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट सुशासन, विकास र समृद्धि हासिल गरी स्वाधीन, सम्मुन्नत तथा समाजवादउन्मुख अर्थतन्त्र विकास गर्ने परिकल्पना गरेको छ। शिक्षा विकासको आधार हो। शिक्षा परिष्कृत एवम् मर्यादित जीवन र सम्मानित रोजगारी तथा उद्यमशीलताको विकासको आधार समेत भएकाले ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दिगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्त्वपूर्ण माध्यमको रूपमा स्वीकारिएको छ। नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक, आधारभूत तहसम्मको अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको नि:शुल्क शिक्षा पाउने हक समावेश गरिएको छ। संविधानले अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ। जसअनुसार राज्यले नीतिगत, कानूनी तथा संरचनागत व्यवस्था गरी शिक्षा प्राप्त गर्ने अधिकारलाई व्यवस्थित गर्ने प्रयास गरेको छ। साथै, शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक तथा रोजगारीमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ।

नेपालको संविधानले लिङ्ग, जात, जाति, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, भाषा, धर्म, क्षेत्र, आर्थिक-सामाजिक अवस्था, विशेष वर्ग/समूह वा अन्य आधारमा हुनसक्ने भेदभावबाट संरक्षणको व्यवस्था गरेको छ। संविधानले कानूनबमोजिम प्राथमिकताका साथ अवसर, संरक्षण, उत्थान, सशक्तीकरण र विकासको हक हुने, नागरिक, व्यक्ति तथा समुदाय/समूहको पहिचान गरे अनुसार बालिका शिक्षा, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत तथा पिछडिएका समुदायका बालबालिकालाई शिक्षाको अवसरबाट वञ्चित हुनुपर्ने अवस्था आउन नदिनका लागि शिक्षामा समावेशिता सुनिश्चित गर्ने प्रयास गरिएको छ। तथापि विभिन्न कारणले सिमान्तकृत हुनपुगेका वर्ग र समुदायले शिक्षा क्षेत्रमा निकै चुनौतीको सामना गर्नु परिरहेको छ। गरिबी, सामाजिक बहिष्करण, अपाङ्गता, बसाइँ सराइ, बालश्रम, बालविवाह, सामाजिक मूल्यमान्यता तथा लैङ्गिक भेदभाव आदिका कारण सबै बालबालिकालाई विद्यालयमा भर्ना हुन र नियमित उपस्थित हुन बाधा पुऱ्याएको अवस्था छ। भौगोलिक विकटता, लैङ्गिक, आर्थिक-सामाजिक तथा जातीय विभेद आदि समस्याले गर्दा शिक्षाको अवसरबाट वञ्चित भएका, सिकाइलाई निरन्तरता दिन नसकेका, अध्ययन पूरा नगरी बिचैमा पढाइ छाडेका विद्यार्थीको सङ्ख्या उल्लेख्य रहेको छ। यसका लागि आवश्यक नीतिगत र संरचनागत व्यवस्थाका साथै लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयनलाई प्रभावकारी र नतिजामूलक बनाउनु आवश्यक देखिन्छ।

दिगो विकासको चौथो लक्ष्यले राज्यले सबैका लागि समावेशी, समतामूलक र गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसर प्रदान गर्नुपर्ने उल्लेख गरेको छ। दिगो विकासका लक्ष्य प्राप्ति र शिक्षासम्बन्धी अन्य नीतिगत व्यवस्थालाई थप

प्रभावकारी रूपमा कार्यान्वयन गरी बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकालाई समावेशी सिकाइको अवसरद्वारा उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न मद्दत पुग्ने भएकाले विद्यमान शैक्षिक नीति, कानून र संरचनागत प्रबन्धलाई थप प्रभावकारी, सशक्त र सहभागितामूलक बनाउन सरकार, विकास साझेदार, समुदाय र समुदायमा आधारित समूहको सञ्जाल निर्माण, सबलीकरण र परिचालन गर्न आवश्यक देखिन्छ। यिनै तथ्यहरूलाई आत्मसात् गर्दै सुदूरपश्चिम प्रदेशको बालिका तथा समावेशी शिक्षा सम्बन्धी रणनीति, २०८२ तर्जुमा गरिएको छ।

## १.२ अन्तर्राष्ट्रिय प्रतिबद्धता

शिक्षा सम्बन्धी हकलाई विश्वव्यापी रूपमा उच्च प्राथमिकतामा राखेको पाइन्छ। शिक्षा प्राप्तिलाई अपरिहार्य अधिकारका रूपमा लिई यसको सुनिश्चितताका लागि बडापत्र, ऐच्छिक प्रलेख, घोषणा, कार्यढाँचाका माध्यमबाट पक्ष राष्ट्रहरूलाई शिक्षा प्राप्तिको अधिकारको सुनिश्चितता गराउने कार्यमा मार्गनिर्देश गरिँदै आएको छ।

यसै सन्दर्भमा सयुक्त राष्ट्रसंघबाट जारी भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ (Universal Declaration of Human Right, 1948) ले स्थापित गरेका मानव अधिकारका मूल्य तथा शिक्षाको अधिकार तथा यसको उद्देश्य वा अभिमुखीकरणका विषय महत्त्वपूर्ण आधार हुन्। यसै मान्यतालाई संयुक्त राष्ट्र संघको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्र (सन् १९६६) ले विस्तारमा उल्लेख गरेको छ। लक्षित समुदायको शैक्षिक अधिकारको विषयमा बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि सन् १९८९; महिला विरूद्ध हुने सबै खाले भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्र संघीय महासन्धि; आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि, १९८९; अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि सन् २००६ उल्लेखनीय छन्। लक्षित समुदायको शैक्षिक अधिकार, विशेष जोड तथा अनुकूलन तथा विशेष संरक्षणका व्यवस्था उपर्युक्त दस्तावेजका सार हुन्। यस्तै, युनेस्कोको पहलमा जारी भएको शिक्षामा हुने विभेद विरुद्धको सन्धि सन् १९६० को समेत यस सन्दर्भमा महत्त्वपूर्ण स्थान रहको छ।

सबैका लागि शिक्षा सम्बन्धी जोमटियन घोषणा, सन् १९९० बाट अभियानका रूपमा शिक्षालाई विश्वव्यापी रूपमा लिइएको छ। संयुक्त राष्ट्रसंघीय मानक नियम सन् १९९३, (UN Standard Rules, 1993) मा शिक्षामा अपाङ्गता भएका तथा बालिकालाई समान सहभागिता हुने गरी शिक्षाको सुनिश्चितता गर्नुपर्ने उल्लेख गरिएको छ। सालामान्का कार्यढाँचा, सन् १९९४ (Salamanca Statement and Framework for Action 1994), बिवाको सहश्राब्दी कार्यढाचाँ, सन् २००२, (Biwako Millennium Framework for Action 2002) ले पनि शिक्षा प्रणालीमा सुधार र शिक्षामा पहुँचको अवस्थालाई सुदृढ तुल्याउनुपर्नेमा जोड दिएको छ। यस अभियानमा डकार कार्यढाँचा, सन् २००० (Dakar Framework for Action 2000) तथा सहस्राब्दी विकास लक्ष्य र इन्चोन घोषणापत्र, दिगो विकास लक्ष्यमार्फत विकासको खाकाभित्र समग्र शिक्षा र यसभित्रको समावेशीकरणका विषयलाई समेटिएको छ।

इन्चोन रणनीति, २०१५ ले शिक्षा पद्धति समावेशी हुनुका साथै गुणस्तरीय तथा सिकाइ जीवनपर्यन्त हुनुपर्नेमा जोड दिएको छ। संयुक्त राष्ट्र संघ-को दिगो विकास लक्ष्य (Sustainable Development Goals-2016-2030) मा लक्ष्य ४ मा समावेशी, समन्यायिक,

गुणस्तरीय शिक्षा र आजीवन सिकाइको प्रावधान तथा लक्ष्य ५ मा लैङ्गिक समानता (सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाई लैङ्गिक समानता हासिल गर्ने) बारे उल्लेख गरिएको छ । यसर्थ अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताले नेपालको शिक्षा प्रणालीलाई थप सहभागितामूलक, समावेशी, समतामूलक र पहुँचयोग्य बनाउन मार्गनिर्देश गरेको छ ।

## १.३ विद्यमान कानूनी तथा नीतिगत व्यवस्था

नेपालको संविधानको प्रस्तावनामा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने व्यवस्था उल्लेख छ । संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ । उक्त धारामा आधारभूत शिक्षामा पहुँचको व्यवस्था गरिएको छ । यस्तै संविधानले आधारभूत तहसम्ममको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक विषयमा शिक्षासम्बन्धी विषयसमेत उल्लेख छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क शिक्षाको हक हुने व्यवस्था गरेको छ । यसका लागि आवश्यकता अनुसारको सिकाइ सामग्री, सहयोगी सामग्री तथा भौतिक पूर्वाधारको व्यवस्था, उपयुक्त अनुकूलनसहितको व्यावसायिक तथा प्राविधिक शिक्षा, प्रौढ शिक्षा, व्यावहारिक शिक्षा, आजीवन सिकाइमा अपाङ्ता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्नेजस्ता व्यवस्था गरेको छ।

मुलुकी अपराध संहिता, २०७४ ले जातका आधारमा गरिने छुवाछुत, बालविवाह, बहुविवाह, यौन दुर्व्यवहारलाई अपराध मानेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको हक हितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास र संरक्षणका लागि आवश्यक कार्य गर्ने व्यवस्था गरेको छ । बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले बालकलाई कल कारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउने कार्य निषेध गरेको छ ।

नेपालको संविधानमा उल्लेख गरिएको अनिवार्य तथा निःशुल्क शिक्षाको अधिकारलाई सुनिश्चित गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ ले समेत कानूनी प्रबन्ध गरेको छ । बालबालिकासम्बन्धी नीति, २०६९ ले बालबालिका जन्मनुअघि र जन्मेपछि आवश्यक स्याहार, हेरचाह, सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने नीति अवलम्बन गरेको छ। बालिका शिक्षाको रणनीति तथा कार्यान्वयन योजना (सन् २००६-२०१५) ले बालिका शिक्षा सुधारका लागि आवश्यक रणनीतिको रूपमा बहुक्षेत्रीय समन्वयका लागि केन्द्रदेखि क्षेत्र र जिल्ला हुँदै विद्यालय तहसम्म सञ्जालीकरण गर्ने उल्लेख गरिएको थियो । यस्तै, सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना सन् २००१–२०१५ ले डकार कार्ययोजना २००० ले निर्दिष्ट गरेका समावेशिताका छ ओटा मूलभूत मान्यतालाई कार्यान्वयन गराउने व्यवस्था गरेको थियो ।

विद्यालय शिक्षाको वृहत् समता रणनीति, २०७१ मा पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा समेत समता कायम गराउने कुरा उल्लेख छ । रणनीतिले समताका आठ ओटा आयामहरू: लैङ्गिक, भाषिक, जातजाति, अपाङ्गता, कठिन भौगोलिक अवस्था, सङ्कटापन्न समूह, स्वास्थ्यसम्बन्धी समस्यामा परेका बालबालिका, गरिबीको रेखामुनि रहेका बालबालिकालाई आवश्यकता अनुसारको सहयोग गरी उनीहरूको सिकाइ सुधार गर्ने व्यवस्था गरेको छ ।

विद्यालय क्षेत्र विकास योजना सन् २०१६–२०२१ मा शिक्षामा समतामूलक पहुँच स्थापना गर्ने र यसका लागि सबै खालका भेदभाव उन्मूलन गर्न समता सूचकाङ्क (Equity Index) का आधारमा कमजोर देखिएका क्षेत्रका बालबालिकालाई थप सहयोग उपलब्ध गराउने, अपाङ्गतामा आधारित समावेशी शिक्षा प्रदान गर्ने, सिकाइका नतिजा/प्रतिफललाई थप समतामूलक बनाउन स्थानीय निकायसँग निरन्तर सहकार्य गर्नुपर्ने कुरामा जोड दिएको थियो।

यसैगरी, राष्ट्रिय शिक्षा नीति, २०७६ ले अपाङ्गता भएका बालबालिकाको आवश्यकता र समावेशीकरण सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षामा उपयुक्त शैक्षिक अवसर उपलब्ध गराउने कुरा उल्लेख गरेको छ। यसै सन्दर्भमा राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ ले पनि शिक्षामा समावेशीकरणका लागि लक्षित समूह निर्धारण गरी आवश्यक व्यवस्था गरिने उल्लेख छ। दिगो विकासको चौथो लक्ष्य प्राप्तिका लागि नेपाल राष्ट्रिय कार्यढाँचा २०७६ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।-सोह्रौं योजनाले शिक्षामा समतामूलक पहुँच पुऱ्याउन, अपाङ्गता भएका व्यक्तिको सम्मान र अधिकार प्रवर्धन गर्न राज्यले समावेशीता, समन्यायिकता र सहभागितालाई जोड दिन आवश्यक रहेको कुरा औंल्याएको छ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले स्थानीय तहले विना भेदभाव बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्ने नीति लिएको छ।

यसै गरी विद्यालय शिक्षा क्षेत्र योजना (२०२२–२०३२) ले आगामी दश वर्षका लागि शिक्षाको मार्गचित्र प्रस्तुत गरेको छ। यस योजनाले भेदभाव र दुर्व्यवहारमा परेका तथा सीमान्तकृत बालबालिका लगायतका सबै खाले परिस्थितिमा रहेका बालबालिकाका लागि गुणस्तरीय, सान्दर्भिक, जीवनोपयोगी र आजीवन शिक्षामा समावेशी र समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्न स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुने कुरामा जोड दिइएको छ। बालिका, सीमान्तकृत बालबालिका तथा अपाङ्गता भएका बालबालिकालाई गुणस्तरीय शिक्षाको प्रबन्ध गर्न दिवा खाजा, विभिन्न प्रकारका छात्रवृत्ति, पाठ्यपुस्तक, शैक्षिक सामग्री तथा स्यानिटरी प्याडको व्यवस्था गरिएको छ। त्यसैगरी बालिका, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको सिकाइ आवश्यकता पूरा गर्नका लागि शिक्षक तालिमको व्यवस्था पनि गरिएको छ। उल्लिखित प्रयासले गर्दा बालिका, सीमान्तकृत बालबालिका तथा अपाङ्गता भएका बालबालिकाको शिक्षाको अवस्थामा सुधार भएको छ।

यसै सन्दर्भमा सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा सुलभ एवम् गुणस्तरीय शिक्षा, सुखी र समुन्नत प्रदेशको सोच लिएको छ भने, शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी मानव पूँजिको विकास गर्ने लक्ष्यका साथ आधारभूत तथा माध्यमिक तहको शिक्षामा विद्यालय उमेरका सबै बालबालिकाहरूको पहूँच सुनिश्चित गर्ने, गुणस्तरीय शिक्षाको लागि शिक्षण संस्थाहरूको भौतिक व्यवस्थापन, नेतृत्व र जनशक्तिको क्षमता विकास एवम् शिक्षण सिकाइ पद्धतिको सुदृढीकरण र आधुनिकीकरण गर्ने, शिक्षालाई जीवनोपयोगी, नैतिकता र मानवीय मूल्य मान्यता एवम् सिपमुलक बनाई रोजगारीसँग आबद्ध गर्ने, साक्षरता र जीवनपर्यन्त शिक्षाका लागि अनौपचारिक शिक्षाका अवसरहरू वृद्धि गर्ने, सामाजिक न्याय उच्च शिक्षाको पहुँच र गुणस्तर वृद्धि गरी योग्य, दक्ष, सिर्जनशील जनशक्तिको उत्पादन गर्ने उद्देश्यका साथ विद्यालय शिक्षामा पहुँच र गुणस्तरमा वृद्धि, शिक्षालाई समावेशी र सर्वसुलभ

बनाउने रणनीति र कार्यनीतिहरू तय गरेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार, सुदूरपश्चिम प्रदेशको साक्षरता दर ७६.२% (राष्ट्रिय साक्षरता दर ७६.२% बराबर) रहेको छ। महिलाको साक्षरता दर ६८.२ % र पुरुषको साक्षरता दर ८५.४% रहेको छ।

## १.४ बालिका तथा समावेशी शिक्षा सञ्जालको विकासक्रम

नेपाल सरकार, शिक्षा मन्त्रालयले २०६३ सालमा बालिका शिक्षाको रणनीति तथा कार्यान्वयन योजना (सन् २००६–२०१५) तयार गरेको थियो। उक्त रणनीति तथा कार्यान्वयन योजनाको पहिलो रणनीतिको आधारमा बालिका शिक्षा प्रवर्धन गर्न बालिका शिक्षा सञ्जालीकरणको सुरुवात भएको हो। केन्द्रमा रहेको यो सञ्जाल बालिका शिक्षाको रणनीति तथा कार्यान्वयन योजनाअनुरूप महिला सभासद्समेतको संलग्नतामा तत्कालीन जिल्ला शिक्षा कार्यालयको संयोजकत्वमा जिल्ला तहसम्ममा विस्तार गरिएको थियो। उक्त समयमा बालिका शिक्षा र समावेशी शिक्षाका बेग्लाबेग्लै सञ्जालहरू कार्यान्वयनमा ल्याइएका थिए। दुई ओटा सञ्जालले बालिका, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको शिक्षाका लागि पैरवी, विभिन्न सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गर्दै छरिएर रहेका स्रोत साधन तथा क्षमता एकीकृत गर्ने तथा विषयगत मन्त्रालय, निकाय र कार्यालयलाई प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको थियो।

संघीयताको कार्यान्वयनका क्रममा गरिएको प्रशासनिक परिवर्तनसँगै विक्रम संवत् २०७५ सालमा शिक्षा मन्त्रालय अन्तर्गत रहेका साविकका शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्रलाई एकीकृत गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको स्थापना गरियो। यसै क्रममा लैङ्गिक समविकास शाखा तथा समावेशी शिक्षा शाखालाई एकीकृत गरी समावेशी शिक्षा शाखा बनाइयो। यसपश्चात् विक्रम सम्वत् २०७६ सालमा दुवै सञ्जाललाई एकीकृत गरी बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन गरिएको छ। यस प्रदेशमा विगतदेखि नै यो सञ्जाल गठन भई कार्यान्वयनमा आएको छ। प्रदेशका साथै विभिन्न स्थानीय तहहरूले पनि सञ्जाल गठन-गरी कार्यान्वयमा ल्याएका छन्।

चालु विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२२/२०२३–२०३१/२०३२) मा बालिका, सीमान्तकृत बालबालिका तथा अपाङ्गता भएका बालबालिकाको शैक्षिक अवसर सुनिश्चितताका लागि संघ तथा प्रदेशमा गठन भएका लैङ्गिक तथा समावेशी शिक्षा सञ्जाललाई सबै स्थानीय तहमा विस्तार तथा सुदृढीकरण गर्दै लैजाने उल्लेख गरिएको छ। यसका साथै बालिका तथा समावेशी शिक्षा सञ्जाल परिचालन गरी समावेशी शिक्षाको विषयमा सरकार तथा विकास साझेदारबीच समन्वय र सहकार्यका लागि संरचनागत व्यवस्थाको सुरुवात भएको छ। बालिका तथा समावेशी शिक्षा सञ्जालका लागि काम गर्ने संघ संस्थाहरूको स्थिति र अवस्था पहिचान गर्ने कार्यको नेतृत्व अहिले सञ्जालले लिएको छ। यसैगरी विभिन्न स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन, क्षमता विकास तथा परिचालनका कार्य भइरहेका छन्। कतिपय स्थानीय तहले सञ्जाल गठन र परिचालनका लागि स्रोत विनियोजन समेत गरिरहेका छन्। विद्यालय तहमा गुनासो सुनुवाइ संयन्त्रलाई बालिका तथा समावेशी शिक्षा सञ्जालले सहयोग गरिरहेको छ। कतिपय विद्यालयमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन भइरहेको छ। विभिन्न विद्यालयमा स्थानीय तहस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालका प्रतिनिधिहरूलाई जलवायु परिवर्तन तथा महिला सशक्तीकरण,

बालसंरक्षण तथा लैङ्गिकतामा आधारित हिंसा तथा यससम्बन्धी कानूनी प्रावधान, प्राथमिक मनोसामाजिक सहयोग प्रदान गरिएको छ। विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षक तोकी बालिका तथा समावेशी शिक्षा सुधार गर्न परिचालन गरिएको छ। गुनासो सुनुवाइ कार्यविधि, २०७४ कार्यान्वयनमा ल्याइएको छ। विद्यालयमा गुनासो सुनुवाइ संयन्त्रको विषयमा सूचना, शिक्षा तथा सञ्चार (IEC/BCC) सामग्रीको विकास, वितरण तथा प्रयोग भइरहेको छ। गुनासो सुनुवाइ संयन्त्रको कार्यलाई प्रभावकारी बनाउन लैङ्गिक सम्पर्क शिक्षक र अन्य शिक्षक लगायत गुनासो सुनुवाइ समितिका प्रतिनिधिहरूलाई गुनासो सुनुवाइ संयन्त्र, घटना व्यवस्थापन तथा सूचना व्यवस्थापनसम्बन्धी क्षमता विकासका कार्यक्रम भइरहेका छन्। कतिपय स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जालले गुनासो सुनुवाइ संयन्त्रको सुदृढीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा जनाएको प्रतिबद्धता तथा संवैधानिक तथा नीतिगत प्रावधानले शिक्षालाई प्रत्येक नेपालीको नैसर्गिक हकको रूपमा लिएको छ। उक्त हकको प्रत्याभूतिका लागि बालिका तथा समावेशी शिक्षा सञ्जालले शिक्षामा समतामूलक पहुँच र समावेशीकरणसँग सम्बन्धित कार्यका लागि प्रयास गरेको छ।

## १.५ वर्तमान अवस्था

### १.५.१ *शिक्षामा लैङ्गिक तथा सीमान्तकृत बालबालिकाको समावेशिताको अवस्था*

विद्यालय शिक्षामा लैङ्गिक सहभागितामा बालबालिकाको अवस्था सरदर बराबरी अवस्थामा पुगेको छ। विद्यालय छोड्ने छात्राहरूको दरमा कमी आई टिकाउ दर वृद्धि भएको छ। तथापि बालिकाको सिकाइ उपलब्धि सन्तोषजनक देखिएको छैन। बालिकाको माध्यमिक शिक्षा पूरा गर्ने दर कम छ। लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाले विद्यालय शिक्षा पूरा गर्न विभिन्न चुनौतीको सामना गर्नु परिरहेको छ। अझै पनि विपन्नता, भौगोलिक जटिलता, अस्थायी बसाँइ सराइ-जस्ता विषम् परिस्थितिका कारण सीमान्तकृत समुदायका बालिकाको पहुँच विद्यालय शिक्षामा पुगेको छैन। विद्यालय शिक्षामा बालिका तथा सीमान्तकृत बालबालिकाको पहुँच तथा सिकाइ उपलब्धि अपेक्षाकृत नहुनुमा देहाय बमोजिमका कारणहरू विद्यमान छन्।

१. पितृसत्तात्मक सोच: छोरीलाई दायित्वको रूपमा लिने सोच बदल्न सकिएको छैन। समान लैंङ्गिक भूमिका र सम्बन्ध विकास गर्न अझै प्रयास गर्नुपर्ने देखिन्छ।
२. हानिकारक परम्परागत अभ्यास: बालविवाह, दाइजो प्रथा, छाउपडीलगायतका हानिकारक सामाजिक मूल्य र मान्यतामा आधारित अभ्यासले अझै पनि निरन्तरता पाइरहेकाले कतिपय बालिका विद्यालय शिक्षाको अवसरबाट वञ्चित भएका छन्। कतिपय अवस्थामा विद्यालयमा भर्ना भए पनि उल्लिखित कारण विद्यालय छाड्न बाध्य भएका छन्।
३. छुवाछुत, भेदभाव, उपेक्षा तथा दुर्व्यवहार: समाजमा जातीय छुवाछुत, धर्म, समुदाय र वर्गबिच आर्थिक असमानता तथा विभेदपूर्ण अवस्था विद्यमान रहेको छ।
४. कानूनी सचेतना तथा सूचनामा पहुँचको अभाव: आम–नागरिक तहमा लैङ्गिक हिंसा, बालविवाह जस्ता दण्डनीय

विषयमा कानूनी सचेतना तथा सूचनामा सबै बालिकाको पहुँच पुग्न नसकेको अवस्था विद्यमान रहेको छ।

५. कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्नु: सरकारी नीति, नियम उपयुक्त भए पनि कार्यान्वयन प्रभावकारी बनाउनु पर्ने छ । सबैलाई एकै खाले नीति (Blanket Approach) अनुसरण गर्दा समुदाय विशेषलाई शैक्षिक, प्राविधिक र आर्थिक रूपमा सवलीकरण गर्न सकिएको छैन । प्रतिच्छेदन (Intersectionality) तथा बहुबहिष्करण (Multiple Exclusion) मा परेका बालिकाको सिकाइ आवश्यकताअनुसार शैक्षिक कार्यक्रम विकास र कार्यान्वयन गर्न धेरै प्रयास गर्नुपर्ने देखिन्छ ।

६. सञ्चार सामग्री तथा सामाजिक सञ्जालको उपयोग: सञ्चार सामग्री र सामाजिक सञ्जालको सबल पक्ष बढी हुँदाहुँदै पनि किशोर किशोरीले सही ढङ्गले प्रयोग गर्न सकेका छैनन् ।

७. विज्ञान प्रविधि, इन्जिनियरिङ, गणित शिक्षा (Science, Technology, Engineering & Maths Education-STEM Education) मा बालिकाको पहुँच न्यून हुनु: परिवारको आर्थिक अवस्था, घरायसी कार्य बोझ, बालविवाह, लैङ्गिक दृष्टिकोण तथा अन्य किसिमका सोच, STEM Education को प्रचार प्रसारको कमी आदि कारणले बालिका, अपाङ्गता भएका बालबालिका तथा सीमान्तकृत बालबालिकामा पहुँच कम छ ।

८. विद्यमान संयन्त्रको प्रभावकारी परिचालन: बालिका तथा सीमान्तकृत बालबालिकाका लागि शिक्षा, सिकाइ, तथा व्यावहारिक समस्याको निराकरणका लागि आवश्यक हौसला, टेवा र थप सहयोग प्रदान गर्ने संयन्त्रको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने अवस्था छ ।

### *१.५.२ अपाङ्गता समावेशी शिक्षाको अवस्था*

नेपालले नागरिक तथा राजनीतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख (ICCPR), १९६६, महिलामाथि हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने महासन्धि (CEDAW) १९७९;, बाल अधिकारसम्बन्धी महासन्धि (UNCRC), १९८९, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय आलेख (ICESCR), १९६६, यातना विरुद्धको महासन्धि १९८४, जनसङ्ख्या र विकाससम्बन्धी अन्तराष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४, चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ घोषणा र सम्बद्ध कार्ययोजना र सार्क लगायत अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धि (UNCRPD), २००६ लगायत अन्तराष्ट्रिय तथा क्षेत्रीय स्तरमा बालबालिका र अपाङ्गको अधिकारलाई प्रवर्धन गर्ने विभिन्न अन्तराष्ट्रिय महासन्धि तथा इच्छाधीन आलेखहरूमा अपाङ्गता भएका व्यक्ति र बालबालिकाको आधारभूत अधिकारहरूको संरक्षण तथा प्रवर्धनका निम्ति प्रतिबद्धता जाहेर गरेको छ ।

समावेशिताले प्रत्येक बालबालिकालाई आफ्ना सहपाठीसँगै रहेर शिक्षा पाउने अधिकार हुने सिद्धान्तलाई अङ्गीकार गर्छ । नेपालमा समावेशी अवधारणा अबलम्बन गरिएको इतिहास लामो नभए पनि यस अवधारणाले उल्लेख्य चर्चा, बहस र स्वीकार्यता स्थापित गर्न सफल भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा अवलम्बन गरिएको समावेशी अवधारणाबाट राजनीतिक, सामाजिक, आर्थिक तथा शैक्षिक आयामहरूमा तात्त्विक परिवर्तन र सुधारको अपेक्षा गरिएको छ

। अपाङ्गता भएका बालबालिकाको गुणस्तरीय शिक्षामा समतामूलक पहुँच, समावेशी तथा भेदभावरहित अवरोधमुक्त वातावरण निर्माणका लागि राज्यका नीति, कानून, संयन्त्र र संरचनाहरू तयार गर्ने प्रयत्न गरिएको छ।

प्रत्येक बालबालिकाको शिक्षा प्राप्तिको अधिकारका लागि समावेशी शिक्षा आवश्यक हुने विभिन्न अध्ययनले देखाएका छन्। यद्यपि समावेशी शिक्षाका लागि आवश्यक पर्ने स्रोत तथा क्षमता लगायत कारणले समावेशी शिक्षा चुनौतीपूर्ण भएको छ। शिक्षा प्रणाली, खास गरी लैङ्गिक हिसाबले बालिका र शारीरिक, संज्ञानात्मक तथा अन्य अपाङ्गता भएका बालबालिकाको शैक्षिक समस्या बढी गम्भीर रूपमा अगाडि आउने गरेको पाइन्छ। शिक्षा प्रणालीमा उनीहरूको समतामूलक पहुँच, सिकाइ क्रियाकलापमा अर्थपूर्ण सहभागिता र सिकाइ उपलब्धि हासिल गराउने क्षमता विकास गर्न सके मात्र समग्र प्रणालीको विश्वसनीयता, प्रभावकारिता र कार्य दक्षतालाई पुष्टि गर्न सकिन्छ। यसर्थ बालिका तथा समावेशी शिक्षाका प्रमुख समस्यालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:

१. समावेशी शिक्षाको संरचनागत ढाँचा तथा कानूनी व्यवस्थालाई थप स्पष्ट पार्नुपर्ने अवस्था छ। समावेशी शिक्षाका लागि न्यूनतम मापदण्ड (सूचक) सहितको मार्गदर्शन अपर्याप्त छ।
२. समावेशी शिक्षा महङ्गो पर्छ भन्ने मान्यता आम जनमानसमा रहेको पाइन्छ, तथापि शिक्षामा समावेशीकरण नहुँदा चुकाउनुपर्ने सामाजिक मूल्यको कम आँकलन गरिएको छ।
३. अपाङ्गता भएका व्यक्तिहरूको क्षमता र आत्मविश्वासलाई कम आँकलन गर्ने र उनीहरूलाई समावेशी वातावरणमा शिक्षा प्रदान गर्ने कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा कतिपय सरोकारवालामा रुचि देखिएको छैन।
४. शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ , स्थानीय तहका कर्मचारी तथा अन्य सरोकारवालामा समेत समावेशी शिक्षाको ज्ञान र बुझाइमा कमी छ।
५. शिक्षकमा पाठ्यक्रम र सिकाइ विविधीकरण गर्ने तरिका, सिकाइका सिद्धान्त र कौशलको अपर्याप्त ज्ञानका कारणले सिकाइका क्रियाकलापमा सबै बालबालिकालाई समावेश गर्न नसकिएको अवस्था छ।
६. सबैका लागि शिक्षा, सबैका लागि विद्यालय र सबैका लागि समाज भन्ने नारालाई व्यवहारमा पूर्ण रूपमा लागु गर्न अझै धेरै मिहिनेत गर्नुपर्ने छ।
७. समावेशी शिक्षासम्बन्धी नीतिगत तथा कानूनी प्रबन्धहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्न व्यावहारिक कठिनाइ देखिएको छ।
८. समावेशी शिक्षाको अवधारणालाई कार्यान्वयन गर्न विद्यालय, स्थानीय तह र अन्य सरोकारवाला, निकाय तथा संघ संस्थाको बिचमा प्रभावकारी कार्यमूलक सम्बन्ध तथा समन्वय स्थापित गर्नुपर्ने छ।
९. समावेशी शिक्षा प्रदान गर्ने सम्बन्धमा विद्यालय स्तरमा छलफल, गोष्ठीलगायत विचार आदानप्रदान गर्ने कार्य कम हुने गरेको पाइएको छ।
१०. शिक्षण सिकाइलाई समावेशी बनाउन आवश्यक पर्ने क्षमता तथा दक्षताका लागि पर्याप्त शिक्षक तालिमको व्यवस्था गर्न

सकिएको छैन।

११. विद्यालयमा समावेशिताको पक्ष अध्ययन गर्न गराउनका लागि कार्यमूलक अनुसन्धान (ACTION RESEARCH) को संस्कृति न्यून रहेको अवस्था छ।

१२. शिक्षक, प्रधानाध्यापक, स्थानीय तहका कर्मचारी तथा पदाधिकारीमा अपाङ्गता भएका व्यक्तिप्रतिको धारणा सकारात्मक बनाउनु पर्ने आवश्यकता छ।

१३. बालिका तथा अपाङ्गता भएका बालबालिकाको हित प्रवर्धन गर्न उनीहरूका दौंतरीलाई परिचालन गर्नु परेको छ।

१४. बालविवाह, गरिबी र अन्य कारणले विद्यालय छाडेका र बाहिर रहेकाको सन्दर्भमा अनुसन्धान गरी आवश्यक कदम चाल्ने प्रयास गर्नु पर्नेछ।

१५. विद्यालयमा कार्यरत कर्मचारी, शिक्षक तथा अन्य सरोकारवालालाई समावेशी शिक्षाको विषयमा पर्याप्त र प्रभावकारी अभिमुखीकरण हुन सकेको छैन।

यससम्बन्धी राष्ट्रिय तथा सुदूरपश्चिम प्रदेशका सूचकहरू तल दिइएका छन्:

| सूचक | एकाइ | राष्ट्रिय अवस्था | सुदूरपश्चिम प्रदेशको अवस्था |
|---|---|---|---|
| जनसङ्ख्याको लैङ्गिक अनुपात | प्रतिशत | ९५.५९ | ८९.५१ |
| अपाङ्गता भएको जनसङ्ख्या | प्रतिशत | २.२(पु २.२, म २) | २.६ ( पु २.९, म २.३) |
| १५ देखि १९ वर्षको घरमूली भएको परिवार | प्रतिशत | ०.५ | ०.८ |
| अर्काको घरमा काम गर्ने बालबालिका | प्रतिशत | ०.०३ | ०.०१ |
| आमाबाबु बाहेक अन्य नातेदारसंग बस्ने बालबालिका | प्रतिशत | ३ | ४.५ |
| १० देखि १४ वर्षमा विवाह गर्ने सङ्ख्या (जनगणनाको जम्मा जनसङ्ख्याको) | प्रतिशत | ९ | १२ |
| १५ देखि १७ वर्षमा विवाह गर्ने सङ्ख्या (जनगणनाको जम्मा जनसङ्ख्याको) | प्रतिशत | २७ | ३३ |
| साक्षरता दर (६ वर्ष माथि) | प्रतिशत | ७६.२ (महिला ६९.४, पुरूष ८३. ६) | ७६.२ (म ६८.२ र पु ८५.४) |
| अन्य पालिका वा अन्य जिल्लाबाट बसाँइसराइ दर | प्रतिशत | २९ | २५.८ |
| आर्थिक रुपमा सक्रिय जनसङ्ख्या १० वर्ष माथि | प्रतिशत | ६५.५ | ७०.३ |
| युवा साक्षरता दर (१५-२४ वर्ष)) | प्रतिशत | ९५.२ | ९२ |
| युवा साक्षरता दर (१५ वर्षमाथि) | प्रतिशत | ७९.२ | NA |
| आधारभूत तह (१-८) मा खुद भर्ना दर | प्रतिशत | ९४.१ | ९४.० |
| माध्यमिक तह (९-१२) मा खुद भर्ना दर | प्रतिशत | ५५. ८ | ५६.४ |
| मातृभाषामा पठनपाठन हुने विद्यालय | सङ्ख्या | २७० | २१ |
| विद्यालय भर्नामा लैङ्गिक समता सूचक | प्रतिशत | १.० | ०.९७ |
| लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८५८ (0.886) | (0.903) NHDR 2020 |

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

| | | | |
|---|---|---|---|
| | | | UNDP |
| लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४८७ (0.479) | NA (0.522) NHDR 2020 UNDP |
| गरिबीको रेखामुनि रहेका जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३ | ३४.२ |
| मानव विकास सूचकाङ्क | | ०.६२२ | NA (0.547) NHDR 2020 UNDP |
| बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | २८.६ (17.4) MPI 2021 NPC | NA (25.3) MPI 2021 NPC |
| गरिबीमा रहेका बालबालिका | प्रतिशत | ३१ | NA |
| श्रममा रहेका बालबालिका (५-१७ वर्ष) | प्रतिशत | ३७ | NA |
| श्रमशक्ति सहभागिता दर (१५-५९वर्ष) | प्रतिशत | ६२. ० | NA |
| जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २४.४ | १९ |
| दर्ता भएका लैङ्गिक हिंसालगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | अनुपात | ८८.९ | NA |
| बालविवाह दर (ग्रामीण) | प्रतिशत | २८ | NA |
| बालविवाह दर (सहर) | प्रतिशत | ३४.७ | NA |
| अपाङ्गता भएका बालबालिकाको भर्ना दर | प्रतिशत | ४५ | NA |

(स्रोत: आर्थिक सर्वेक्षण, २०८१/०८२, फ्ल्यास रिपोर्ट 2081, सोहौं योजना, राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजना, सुदूरपश्चिम प्रदेशको आर्थिक सर्वेक्षण २०८१/०८२, UNDP NHDR 2020, UNDP MPI Report 2021, मध्यमकालिन खर्च संरचना सुदूरपश्चिम MTEF 2082 )

### १.५.३ प्रदेशको विद्यमान शैक्षिक स्थिति

सुदूरपश्चिम प्रदेशमा प्रदेश सरकार तथा स्थानीय तहबाट शिक्षा क्षेत्रमा लगानी र विभिन्न प्रयासका कारणले उल्लेखनीय उपलब्धिहरू प्राप्त हुन थालेका छन् । तर शैक्षिक सूचकलाई राष्ट्रिय सूचकसँग तुलना गर्दा सुदूरपश्चिम प्रदेश पछाडि नै देखिन्छ जुन तलको तालिकामा उल्लेख गरिएको छ:

| क्र.सं. | शिक्षाका सूचकहरू | राष्ट्रिय | सुदूरपश्चिम |
|---|---|---|---|
| १ | बालविकास केन्द्रहरूको सङ्ख्या No of ECED Centers | ४१२८४ | ५१२१ |
| २ | बालविकासमा बालबालिका सङ्ख्या | १३०१४२८ | १३७३९८ |
| ३ | प्रारम्भिक बालविकास केन्द्रको कूल भर्नादर | १०१.० | १०३.८ |
| ४ | प्रारम्भिक बालविकास केन्द्रको खुद भर्नादर | ७०.२ | ७२.९ |
| ५ | प्रारम्भिक बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने दर | ७६.३ | ७६.८ |
| ६ | विद्यालय सङ्ख्या सामुदायिक र संस्थागत | ३५४४७ | ४१०५ |

| | | | |
|---|---|---|---|
| ७ | कक्षा १ मा कूल इन्टेक दर GIR | १४१.१ | १४२.३ |
| ८ | कक्षा १ मा खुद इन्टेक दर NIR | ९३.७ | ९३.९ |
| ९ | कूल भर्नादर GER (कक्षा १ – ५) | १३०.५ | १३१.८ |
| १० | कूल भर्नादर GER (कक्षा ६ – ८) | ११५. | ११४.१ |
| ११ | कूल भर्नादर GER (कक्षा ९ – १२) | ८०.६ | ७४.७ |
| १२ | खुद भर्नादर NER (कक्षा १ – ५) | ९४.४ | ९४.३ |
| १३ | खुद भर्नादर NER (कक्षा ६ – ८) | ९३.६ | ९३.६ |
| १४ | खुद भर्नादर NER (कक्षा ९ – १२) | ५५.८ | ५६.४ |
| १५ | कक्षा १ मा उत्तीर्णदर (Promotion Rate) | ७८ | NA |
| १६ | कक्षा १ मा कक्षा दोहोऱ्याउने दर (Repetition Rate) | १३ | NA |
| १७ | कक्षा १ मा कक्षा छोड्ने दर (Dropout Rate) | ९.१ | NA |
| १८ | कक्षा उत्तीर्ण दर (कक्षा १ -५) | ८३ | NA |
| १९ | विद्यालय छोड्ने दर (कक्षा १ -५) | ८.२ | NA |
| २० | कक्षा दोहोऱ्उने दर कक्षा १ – ५ | ८.७ | NA |
| २१ | कक्षा ५ सम्म टिकाउ दर (Survival Rate) | ८७.६ | ८७.८ |
| २२ | कक्षा उत्तीर्ण दर (कक्षा ६-८) | ८७.४ | NA |
| २३ | विद्यालय छोड्ने दर (कक्षा ६ -८) | ५.४ | NA |
| २४ | उत्तीर्ण दर कक्षा १ – ८ | ८५.२ | NA |
| २५ | कक्षा दोहोऱ्याउने दर कक्षा १ – ८ | ८ | NA |
| २६ | कक्षा छोड्ने दर कक्षा १ – ८ | ६.८ | NA |
| २७ | कक्षा ८ सम्म टिकाउ दर (Survival Rate) | ८६.५ | ८५.२ |
| २८ | कुल भर्ना दर कक्षा ९ - १० GER | ९९.१ | ९४.९ |
| २९ | कूल भर्ना दर कक्षा ११ - १२ | ६३.३ | ५६.१ |
| ३० | खुद भर्ना दर कक्षा ९-१० | ७५.८ | ७६.२ |
| ३१ | खुद भर्ना दर कक्षा ११ – १२ | ३७.१ | ३८.२ |
| ३२ | कक्षा १० सम्म टिकाउ दर | ६६.९ | ६७.२ |
| ३३ | कक्षा १२ सम्म टिकाउ दर | ४०.६ | ४३.१ |
| ३४ | सामुदायिक ECED मा अपाङ्गता भएका बालबालिका | ५०५६ | ६०३ |

| | | | |
|---|---|---|---|
| ३५ | आधारभूत तह कक्षा १- ८ मा अपाङ्गता भएका बालबालिका सङ्ख्या | ३०४४७ | ३१६४ |
| ३६ | आधारभूत तहमा सुविधा विहिन तथा सिमान्तकृत बालबालिकाको सङ्ख्या | २३४८१ | ९९५ |
| ३७ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको अनुमान (OOSC Estimate) | ५.९ | ६ |

स्रोत:*Flash I REPORT 2081 (2024/25)*

राष्ट्रिय जनगणना २०७८ अनुसार, सुदूरपश्चिम प्रदेशको साक्षरता दर ७६.२% र राष्ट्रिय साक्षरता दर ७६.२% रहेको छ। महिलाको साक्षरता दर सुदूरपश्चिम प्रदेशको ६८.२ र पुरुषको साक्षरता दर ८५.४% रहेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको २०८१ को फ्ल्यास प्रतिवेदन अनुसार यस प्रदेशमा कुल विद्यालय सङ्ख्या सामुदायिक संस्थागत र धार्मिक गरी जम्मा ४१०५ रहेका छन् भने ५१२१ बालविकास केन्द्र, २०३५ आधारभूत तह (१-५), ९०४ आधारभूत तह (६-८), ६३० माध्यमिक तह (९-१०) र ५३६ माध्यमिक तह (११-१२) सञ्चालनमा रहेका छन्। त्यसैगरी यस प्रदेशमा ३४३७ जना बालविकास शिक्षकहरू कार्यरत छन्। सामुदायिक विद्यालयका स्थायी, अस्थायी तथा राहत अनुदान दरबन्दीमा आधारभूत तह(१-५)मा १०४५८ जना, आधारभूत तह (६-८)मा ३२३२ जना, माध्यमिक तह(९-१०)मा २४२८ जना र माध्यमिक तह(११-१२)मा ११३१ जना शिक्षकहरू कार्यरत छन्। यस प्रदेशमा २५७ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन्। कक्षा ९- १२ मा प्राविधिक धार सञ्चालित विद्यालय सङ्ख्या ५४ र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का १८० वटा विद्यालयमा टेक्स कार्यक्रम सञ्चालनमा रहेको छ। संघीय सरकारद्वारा ४४ वटा र प्रदेश सरकारद्वारा ३२ वटा नमुना विद्यालय छनोट गरी नमूना विद्यालय कार्यक्रम संचालन गरिरहेको छ।

### १.६ अवसर

(क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले ल्याएको बालिका तथा समावेशी शिक्षाको सञ्जालको अवधारणालाई सुदूरपश्चिम प्रदेशले विगत वर्षहरूदेखि नै संस्थागत रुपमा कार्यान्वयनमा ल्याएको छ र आवश्यक रणनीति विकास गर्ने पहल अगाडि बढाइहेको छ।

(ख) सुदूरपश्चिम प्रदेशका राजनीतिज्ञ, समाजसेवी, शिक्षाकर्मी सरोकारवाला सबैमा बालिका, सीमान्तकृत तथा अन्य बालबालिकाका लागि समावेशी शिक्षाका विषयमा चासो, चिन्तन, र जागरूकता तीव्र रूपमा बढ्दै गएको छ।

(ग) सुदूरपश्चिममा कार्यरत विभिन्न सरकारी र गैरसरकारी संघसंस्थाहरूले बालिका तथा समावेशी शिक्षामा सहयोग गर्दै, बहस, पैरवी, र सचेतना अभियानहरू सञ्चालन गरिरहेका छन्।

(घ) स्थानीय तहहरूले विद्यालय शिक्षालाई जिम्मेवारीपूर्वक अगाडि बढाउने कानूनी व्यवस्था लागु गर्दै बालिका शिक्षालाई प्राथमिकतामा राख्ने ध्येय र योजनाहरू अगाडि सारिरहेका छन्।

(ङ) संघीय र प्रदेश सरकारले बालिका तथा समावेशी शिक्षा सम्बन्धी नीति तथा रणनीतिहरू तयार गरी स्थानीय तहहरूलाई आफ्नो शिक्षाका लागि आवश्यक नीति र कार्यविधि निर्माण गरी लागु गर्न सहयोग पुऱ्याएको छ।

(छ) विभिन्न शिक्षण संस्था र प्रशिक्षण कार्यक्रमहरूले बालिका तथा समावेशी शिक्षाको अवधारणालाई कार्यरूप दिन सक्षम उच्चस्तरीय जनशक्ति तयार गर्न र परिचालन गर्न महत्वपूर्ण भूमिका खेलेका छन्।

(च) शिक्षामा आम जनताको पहुँचमा बृद्धि तथा गुणस्तरमा समेत सुधारका साथै विद्यालय शिक्षामा खुद भर्नादर र लैङ्गिक समता सूचकमा आशातीत प्रगति हुँदै गएको छ।

यी अवसरहरूले सुदूरपश्चिम प्रदेशको दुर्गम भौगोलिक क्षेत्र र सीमित स्रोतसाधनका बाबजुद बालिका र समावेशी शिक्षाको विकासका लागि ठोस आधार तयार गरेका छन्।

मा. ... खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

## १.७ चुनौती

क) सबै स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन गर्नुका साथै कार्यविधि विकास गरी कार्यान्वयन गर्नु।

ख) बालिका तथा समावेशी शिक्षा सञ्जालका कार्यनीति कार्यान्वयन गर्न स्थानीय तहबाट आर्थिक व्यवस्थापन गराउनु।

ग) लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट (Gender Responsive and Inclusive Budget) व्यवस्थापनका लागि आवश्यक कार्य गर्नु।

घ) पहुँचयुक्त तथा समावेशी वातावरण बनाउन अपाङ्गता सहायक सामग्री, आधारभूत सिकाइ अवस्था (Basic learning Conditions) सिर्जना गर्न सहजीकरण गर्नु।

ङ) पाठ्यक्रम तथा शैक्षणिक प्रक्रियालाई अनुकूलन गरी अपाङ्गता समावेशी शिक्षा कार्यान्वयनमा सहजीकरण गर्नु।

च) अपाङ्गताको लेखाजोखा तथा पहिचान गर्न र पहिचान भएका बालबालिकाको शिक्षा र पुनर्स्थापनाका लागि सहजीकरण गर्नु।

छ) बालिका तथा समावेशी शिक्षाका लागि आवश्यक पर्ने स्रोतसाधनको समुचित व्यवस्थापनका साथै अपेक्षा गरिएका सुधारलाई निरन्तरता दिन सहयोग गर्नु।

ज) प्रदेशको कठिन भौगोलिक अवस्थिति, छरिएको जनसाङ्खीय वितरण, कमजोर आर्थिक अवस्था तथा अपर्याप्त पूर्वाधार।

(झ) धार्मिक र सांस्कृतिक कारणले विद्यालय जान कठिनाइमा रहेका बालबालिकालाई विद्यालयभित्र ल्याउनु।

(ञ) अपाङ्गता भएका बालबालिकाका लागि पर्याप्त पाठ्य तथा शैक्षिक सामग्री व्यवस्थापन गर्नु ।

(ट) क वर्गको अपाङ्गता भएका बालबालिकाहरूलाई शिक्षाको पहुचमा ल्याइ व्यवस्थापन गर्नु।

(ठ) विभिन्न कारणले विद्यालय बाहिर रहेका बालबालिकाहरूको यथार्थ तथ्याङ्क विवरण पत्ता लगाउनु।

## १.८ सवाल

क) बालिका तथा समावेशी शिक्षा सञ्जाल कार्यान्वयनको सन्दर्भमा सबै सरोकारवालाको भूमिका स्पष्ट गर्नु।

ख) प्रदेश स्तरको बालिका तथा समावेशी शिक्षा सञ्जालले स्थानीय तह र विद्यालय तहमा गठन भएका सञ्जाललाई सबलीकरण गर्न सहजीकरण तथा मार्गनिर्देशन गर्नु।

ग) प्रदेश, स्थानीय तह तथा विद्यालय स्तरमा बालिका तथा समावेशी शिक्षा सञ्जाल र विकासका साझेदारहरूबिच थप समन्वय र सहकार्य गर्नु।

घ) दुवै तहका बालिका तथा समावेशी शिक्षा सञ्जालका लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक स्रोत व्यवस्थापनका लागि सरकार तथा विकासका साझेदारसँग पैरवी गर्नु।

ङ) शिक्षक गैरसरकारी तथा समुदायमा आधारित संघ-संस्थाका प्रतिनिधि तथा स्थानीय तहका पदाधिकारीबिच प्रभावकारी समन्वय

माननीय मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

कायम गर्नु।

च) बाल विवाह रोक्न तथा अपाङ्गता भएका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन सञ्जाललाई परिचालन गर्नु।

छ) बालकेन्द्रित सिकाइ वातावरण निर्माण, तथा समावेशी शिक्षण सिकाइ विधिको प्रयोग गर्दै विद्यालयभित्र भेदभाव तथा हिंसारहित वातावरण सृजना गर्न गुनासो सुनुवाइ संयन्त्रको सुदृढीकरण र उपयोग गर्नु।

ज) स्थानीय तह तथा विद्यालय तहका सरोकारवालालाई आवधिक रूपमा शिक्षामा लैङ्गिक समानता तथा अपाङ्गता समावेशीकरणसम्बन्धी शिक्षा र सचेतनाका कार्यक्रम सञ्चालन गर्नु।

झ) स्थानीय तहमा गठन गरिएका प्राविधिक लेखाजोखा समितिलाई अपाङ्गताको लेखाजोखा, तथ्याङ्क व्यवस्थापन र अपाङ्गता भएका बालबालिकाको शिक्षा र पुनर्स्थापनाका लागि परिचालन गर्नु।

ञ) अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच पुऱ्याउन सामुदायिक सिकाइ केन्द्र (CLC) लाई सबलीकरण र परिचालन गर्नु।

(ट) बालबालिकाको मानसिक स्वास्थ र दुर्व्यसन न्यूनीकरण सम्बन्धी कार्यक्रमहरूको व्यवस्था गर्नु।

ठ) बालिका तथा अपाङ्गता भएका बालबालिकाको शिक्षाको अधिकार स्थापित गर्ने तथा क्षमता विकास गर्ने सन्दर्भमा समान बुझाइ तथा समझदारी कायम गर्नु।

(ड) बालिका तथा समावेशी शिक्षा सञ्जालका गतिविधिको सूचकसहितको अनुगमनको व्यवस्था गर्नु।

### १.९ रणनीतिको औचित्य तथा आवश्यकता

बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीतिको आवश्यकता निम्नलिखित रहेका छन् :

१. शिक्षामा लैङ्गिक असमानता सम्बोधन: मुलुकमा शिक्षामा लैङ्गिक समानता हासिल गर्न महत्त्वपूर्ण प्रयासहरू गरिएको छ तथापि नेपालले बालिका तथा किशोरीलाई शिक्षाको अवसर प्रदान गर्ने सम्बन्धमा धेरै चुनौतीको सामना गरिरहेको छ। यस रणनीतिले शिक्षामा लैङ्गिक समविकास तथा समावेशी क्षेत्रमा विद्यमान चुनौती पहिचान तथा सम्बोधन गर्न मद्दत गर्ने छ।

२. समावेशी शिक्षाको प्रवर्धन: यस रणनीतिले विभिन्न आर्थिक, सामाजिक तथा परिस्थितिजन्य कारणले शिक्षाको मूलधारमा आउन नसकेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याई गुणस्तरीय शिक्षाको प्रत्याभूति तथा बालबालिकाको सिकाइ आवश्यकता अनुकूल वातावरण सिर्जना गर्न आवश्यक रणनीति पहिचान गर्न सहजीकरण गर्नेछ।

३. दिगो विकास लक्ष्य (SDGs) प्राप्ति: संयुक्त राष्ट्र संघ-को दिगो विकासको चौथो लक्ष्य "सबैका लागि जीवनपर्यन्त सिकाइका अवसर प्रदान गर्दै समावेशी, न्यायोचित र गुणात्मक शिक्षाको सुनिश्चितता गर्ने", पाँचौं लक्ष्य लैङ्गिक समानता ("सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाई लैङ्गिक समानता हासिल गर्ने) हासिल गर्न आवश्यक रणनीति तयार गर्न सहजीकरण गर्नेछ। साथै १३ औं लक्ष्य जलवायु परिवर्तन तथा यसको प्रभावसँग जुध्न दिगो विकासका लागि शिक्षासम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्नेछ।

४. सहयोग र साझेदारी प्रवर्धन: यस रणनीतिले सरकार, नागरिक समाज, विज्ञ र निजी क्षेत्रलगायत विभिन्न सरोकारवालाबिचको

सहकार्य र साझेदारी प्रवर्धन गर्ने-छ। यसले सबै बालबालिकाका लागि समावेशी शिक्षाको लक्ष्य हासिल गर्न मद्दत पुग्नेछ।

५. समग्रमा, बालिका तथा समावेशी शिक्षा सञ्जालको यस रणनीतिले शिक्षामा लैङ्गिक समानता र समावेशीकरणलाई प्रवर्धन गरी शिक्षाका राष्ट्रिय लक्ष्य प्राप्तिका लागि शिक्षा प्रणालीलाई थप समतामूलक र समावेशी बनाउन मद्दत गर्ने-छ। समावेशी शिक्षामा रहेका अवरोध पहिचान र सम्बोधन गरी गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न तथा स्रोत व्यवस्थापनमा संयोजनकारी भूमिका निर्वाह गर्ने र प्रगतिको अनुगमन र मूल्याङ्कन गर्न सहजीकरण गर्ने-छ।

### *१.९.१ रणनीतिको औचित्य*

- बालिका तथा सीमान्तकृत बालबालिकाको अध्ययनलाई निरन्तरता दिन हस्तक्षेप: कतिपय समुदाय र जाति विशेषका प्रचलित मूल्य मान्यता, प्रथा तथा परम्पराका कारण छिटो विवाह गरिदिने, छोरीलाई विद्यालय नपठाउने, बिचैमा विद्यालय छाड्नु पर्ने अवस्थाका कारणले धेरै बालिका विद्यालय जान नपाउने, विद्यालय बिचैमा छाड्ने र अध्ययनलाई निरन्तरता दिन नसकेको विद्यमान अवस्थामा स्थानीय स्तरमा गठन गरिने बालिका तथा समावेशी सञ्जालले हस्तक्षेपकारी भूमिका निर्वाह गरी बालिकाको अध्ययनलाई निरन्तरता दिन सहजीकरण गर्न सक्ने देखिएको छ।

- पैरवी, सहजीकरण तथा आवश्यक सहयोग: अपाङ्गताप्रति सकारात्मक दृष्टिकोण विकास गर्न नसक्नु तथा अपाङ्गता अधिकारका विषयमा पैरवी, बालबालिकाको अपाङ्गता पहिचान, समतामूलक पहुँच स्थापना, शिक्षामा अवरोधमुक्त वातावरण तयार र समावेशी पद्धतिबाट शिक्षा उपलब्ध गराउन नसकिएको कारणले अपाङ्गता भएका बालबालिकाको ठूलो हिस्सा विद्यालय शिक्षा प्रणालीबाट बाहिर रहनु परेको अवस्था विद्यमान छ। सञ्जालले स्थानीय तह र विद्यालय तहमा अपाङ्गता प्रतिको दृष्टिकोण परिवर्तन तथा अपाङ्गता भएका बालबालिकाको अधिकारका लागि पैरवी, सहजीकरण तथा आवश्यक सहयोग गरी अपाङ्गता भएका बालबालिकाको शैक्षिक अधिकारका लागि विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउन सक्ने देखिएको छ।

- अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था कार्यान्वयन: जोखिममा परेका बालिका तथा अपाङ्गता भएका बालबालिकाको शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि सम्बद्ध निकाय, साझेदार संघ-संस्था तथा नागरिकहरूबीच प्रभावकारी समन्वय तथा सहकार्य गर्नु पर्दछ।

### १.१० रणनीतिमा अवलम्बन गरिएका सिद्धान्त

बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीतिमा अवलम्बन गरिएका केही सिद्धान्त यस प्रकार छन्:

- भेदभावरहितता (Non-Discrimination): सबै बालबालिकाको अधिकारको सम्मान गर्दै जात,लिङ्ग, धर्म, वा अपाङ्गताको आधारमा भेदभाव गरिनु हुँदैन।

- बालबालिकाको सर्वोत्तम हित (Best Interest of Child): बालबालिकाको बारेमा गरिने सम्पूर्ण निर्णय तथा सबै कार्यहरूमा उनीहरूको उच्चतम हितको लेखाजोखा तथा निर्धारण गरी सर्वोत्तम विकल्पको छनोट गरिनुपर्छ। बाबुआमा, अभिभावक वा स्याहारकर्ता एवम् अन्य जिम्मेवार सार्वजनिक निकायले आफ्नो कामका सन्दर्भमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्छ। बाबुआमा वा अन्य जिम्मेवार मानिसहरूले बालबालिकाको हितमा काम गरेनन् भने त्यस्तो स्थितिमा राज्यले बालबालिकाको सर्वोत्तम हित-सुनिश्चित गर्नुपर्छ।
- शिक्षामा पहुँच र अर्थपूर्ण सहभागिता सुनिश्चितता: शिक्षाको अवसर सबैका लागि समान रूपमा उपलब्ध हुनुपर्छ र यस्तो अवसरबाट कोही पनि विमुख हुनु नपर्ने सुनिश्चितता राज्यले गर्नुपर्छ। बालिका र अपाङ्गता भएका बालबालिकालाई शिक्षामा समान पहुँच हुनुपर्छ र शिक्षाका सबै पक्षहरूमा सहभागी हुन प्रोत्साहित गरिनुपर्छ।
- गुणस्तरीय शिक्षा: सबै बालबालिकाले उच्च गुणस्तरको शिक्षा प्राप्त गर्ने, सिक्ने र व्यक्तिगत विकासको अवसर प्राप्त गर्नुपर्छ।
- समावेशी तथा लैङ्गिक उत्तरदायी दृष्टिकोण र शिक्षामा विविधता व्यवस्थापन : बालिका, किशोरी, अपाङ्गता भएका, फरक पृष्ठभूमिका र गरिबीमा बाँचिरहेका सबै बालबालिकाका विशेष आवश्यकता पूरा गर्न शिक्षाको प्रारूप तयार गरिएको हुनुपर्छ। शिक्षाको मूल प्रवाहबाट कुनै पनि बालबालिका पछाडि पारिनु हुँदैन (Leave No One Behind/LNOB)–। सबै बालबालिकालाई बिना अवरोध आफ्नै समुदायमा शैक्षिक प्रक्रियाका सबै चरणमा समावेशिताको आधारमा विद्यालयको समावेशी संस्कृति निर्माण गरी बालमैत्री वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्छ। लैङ्गिक परम्परागत सोचाइ सम्बोधन गर्ने, महिला प्रेरणाका स्रोत (Role Model) तयार गर्नुका साथै संरक्षण तथा सुरक्षा सुनिश्चित गर्ने खालको शिक्षा पद्धतिको विकास गरिनुपर्छ। शिक्षण संस्था विविध सिकाइका क्षेत्र र सिकाइ आवश्यकता भएका बालबालिकाको थलो हो। शैक्षिक पद्धतिले हरेक बालबालिकाको सिकाइका क्षेत्र र शैली, क्षमता, रुचि एवम् सिकाइ आवश्यकतालाई मध्यनजर गर्दै सिकाइ सहजीकरण गर्नुपर्छ।
- सशक्तीकरण: शिक्षाले बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकालाई उनीहरूको पूर्ण क्षमता हासिल गर्न सक्षम बनाउनुपर्छ।
- समुदायको सहभागिता: बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकासहित सबै बालबालिकालाई शिक्षामा सहयोग र प्रवर्धन गर्न अभिभावक, परिवार, विद्यालय व्यपस्थापन समिति, शिक्षक अभिभावक संघ तथा समुदायहरूको अर्थपूर्ण सहभागिता हुनुपर्छ।
- शिक्षक तयारी र विकास: शिक्षकहरूलाई लैङ्गिक-उत्तरदायी तथा समावेशी शिक्षण सिकाइ विधि विषयमा अभिमुखीकरण तथा तालिम प्रदान गरी लैङ्गिक तथा समावेशी सिकाइतर्फ उत्तरदायी बनाई सबै बालबालिकाको विविध सिकाइ आवश्यकतालाई सम्बोधन गर्न आवश्यक ज्ञान तथा सिपयुक्त तुल्याउनुपर्छ।
- जवाफदेही: समावेशी शिक्षामा अधिकारको संरक्षण र सम्बर्धनका लागि सरकार तथा अन्य सरोकारवालाहरूलाई जवाफदेही बनाउनुपर्छ।

- बाल अधिकार सुनिश्चितता: प्रत्येक बालबालिकालाई उसको धर्म, उमेर, लिङ्ग, अपाङ्गता, सामाजिक,-आर्थिक स्तर, क्षमता, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव गर्न नहुने तथा सबै बालबालिका समान अधिकारका लागि योग्य हुनुपर्छ। बालबालिकालाई गर्भावस्था देखि १८ वर्षसम्म बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार सुनिश्चित गरिनुपर्छ।
- सिकाइ उपलब्धि सुधार: बालबालिकाले विद्यालयमा उपस्थित भई सक्रिय रूपमा शैक्षिक उपलब्धि हासिल गर्ने गरी शिक्षण सिकाइ क्रियाकलापमा सहभागी हुन पाउनुपर्छ। यसका लागि जिम्मेवार निकायहरूले उपलब्धिमूलक सिकाइ वातावरण तयार गरिदिनुपर्छ।
- शिक्षामा अवरोधमुक्त वातावरण सृजना: शिक्षामा समतामूलक पहुँच तथा समावेशी शैक्षिक वातावरणका निमित्त अवरोधमुक्त वातावरण (Least Restrictive Environments) बनाउनु जरुरी हुन्छ। बालमैत्री तथा अपाङ्गतामैत्री व्यवहार र पहुँचयुक्त वातावरणमा बालबालिकाले सिक्ने अवसर पाउनुपर्छ।
- सहयोगी सिकाइ वातावरण (Supportive Learning Environment): सुरक्षित, सहयोगी, सक्षम र बालमैत्री वातावरणमा शिक्षा प्रदान गरिनुपर्छ, जसले सिकाइ र व्यक्तित्व विकासलाई सहयोग पुऱ्याउँछ।
- संरक्षण: बाल विवाह, बालश्रम, मानव बेचबिखन, गलत अभ्यासलगायत सबै प्रकारका दुर्व्यवहार, शोषण, बलात्कार, विद्यालयमा हुन सक्ने हिंसा तथा शोषण, हेपाइ (Bullying) बाट बालबालिका संरक्षित हुनुपर्छ।
- राज्यको दायित्व: नेपालको संविधान, विषयगत कानून, दिगो विकासको लक्ष्य (२०१६-२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार बाल विकासका सबै आयामलाई प्रवर्धन तथा सुनिश्चितता गर्न उनीहरूको सरोकारका सबै विषय तथा न्यायमा पहुँचका लागि राज्यको ले क्रियाशीलता बढाउनु पर्दछ।

### १.११ रणनीति निर्माणमा अपनाइएका प्रक्रिया तथा विधि

सुदूरपश्चिम प्रदेशको बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति निर्माण प्रक्रियासम्बन्धमा सामाजिक विकास मन्त्रालयको आ.व. २०८१/८२ को वार्षिक कार्यक्रममा उल्लिखित बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति तयार गर्न सामाजिक विकास मन्त्रालय, समावेशी शिक्षा हेर्ने शाखाका वरिष्ठ शिक्षा अधिकृतको संयोजकत्वमा मिति २०८२ साल जेठ २३ मा एक कार्यदल गठन गरियो। उक्त कार्यदलमा विभिन्न सरोकारवालाको सहभागिता सुनिश्चित गरियो। बालिका तथा समावेशी सञ्जाल सदस्यहरूको सहभागितामा रणनीति निर्माण प्रक्रिया तथा सरोकारवालाहरूको भूमिकाका सम्बन्धमा छलफल गरी यस रणनीतिको आवश्यकता तथा क्षेत्रका सम्बन्धमा प्रदेश तथा स्थानीय तहका सरोकारवालासँग परामर्श गरियो। बालिका तथा समावेशी शिक्षा सञ्जालको रणनीति योजनाको सन्दर्भ विश्लेषण, औचित्य माथि विभिन्न चरणमा छलफल गरी बालिका तथा समाबेशी शिक्षा सञ्जालको निर्देशन तथा कार्यदलको सहभागितामा विज्ञमार्फत सन्दर्भ सामग्रीको अध्ययन, सरोकारवाला तथा लक्षित समूहसँग छलफल तथा स्थलगत अध्ययन गरी रणनीतिको मस्यौदा तयार गरियो। उक्त अवधिमा प्रदेश तथा स्थानीय तहका सरोकारवालाहरूको राय सुझाव समावेश गरियो।

## परिच्छेद-२ (दुई)

## दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता

### २.१ दीर्घकालीन सोच

लैङ्गिक समतामूलक तथा समावेशी शिक्षाको माध्यमबाट समावेशी र लैङ्गिक-मैत्री समाज निर्माणमा योगदान पुऱ्याउने।

### २.२ लक्ष्य

शिक्षामा समावेशीकरणका लागि बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समूहसहित सबै बालबालिकाको पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुनिश्चित गर्न सहजीकरण गर्ने।

### २.३ उद्देश्य

(१) पहुँच–योग्य, सुरक्षित र संरक्षित वातावरणमा बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकालाई समावेशी विद्यालय शिक्षाको सुनिश्चितता गर्ने।

(२) स्थानीय तहको शिक्षा योजनामा बालिका तथा समावेशी शिक्षासम्बन्धी कार्यक्रम समावेश गर्न स्थानीय तहका सम्बद्ध शाखाका जनशक्तिको क्षमता विकास गर्ने।

(३) प्रदेश, स्थानीय तह तथा विद्यालयमा बालिका तथा समावेशी शिक्षासम्बन्धी सञ्जाल गठन, पुनर्गठन गरी सञ्जालको नीति निर्माण तथा कार्यान्वयनमा सहजीकरण गर्ने।

(४) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्न सहजीकरण गर्ने।

(५) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाको सुनिश्चतताका लागि अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन तथा सहजीकरण गर्ने।

(६) बालिका तथा समावेशी शिक्षाका कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने।

(७) मौसमी बसाइँ सराइले बालबालिकाको पढाइमा परेका नकारात्मक असर न्यूनीकरण गर्ने।

### २.४ प्राथमिकता

यस रणनीतिमा निम्नलिखित पक्ष विशेष प्राथमिकताका रूपमा रहने छन्:

- विद्यालय शिक्षामा लैङ्गिक समविकास तथा समावेशीकरण
- लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री विद्यालय विकास
- सबै सरोकारवालाको जवाफदेहीता सुनिश्चितता
- शिक्षक तयारी र विकास
- सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन

- अपाङ्गता भएका बालबालिकालाई सहयोगी सामग्री उपलब्धता
- सुरक्षित विद्यालय र बालमैत्री वातावरणको निर्माण
- मनोसामाजिक तथा वृत्ति विकाससम्बन्धी परामर्श
- अभिभावक शिक्षा कार्यक्रम
- समन्वय र सहकार्यको विकास
- असहाय तथा विपन्न अविभावकविहिन बालबालिकालाई समेट्ने ।

## परिच्छेद-३ (तीन)

## रणनीतिक स्तम्भ, रणनीति तथा कार्यनीति एवम् कार्यान्वयन प्रबन्ध

### ३.१ रणनीतिक स्तम्भ


यस रणनीतिमा मुख्य चार ओटा रणनीतिक स्तम्भका रणनीति तथा कार्य-नीतिहरू तय गरिएका छन् ।

३.१.१ बालिका शिक्षा

३.१.२ सीमान्तकृत बालबालिकाका लागि समावेशी शिक्षा

३.१.३ अपाङ्गता समावेशी शिक्षा

३.१.४ मातृभाषामा आधारित बहुभाषिक शिक्षण



| | |
|---|---|
| उद्देश्य १. | पहुँचयोग्य, सुरक्षित र संरक्षित वातावरणमा, बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकालाई समावेशी विद्यालय शिक्षाको सुनिश्चितता गर्ने। |
| रणनीति | ● सुरक्षित तथा समावेशी विद्यालय वातावरण विकास गर्ने।<br>● बालिका सशक्तीकरण र सुरक्षाका कार्यक्रम सञ्चालन गर्ने। |
| कार्यनीति | ● स्थानीय तह र मातहतका वडा कार्यालयको अगुवाइ र संघ संस्थाहरूको सहयोगमा विद्यालय बाहिर रहेका बालबालिकाको यथार्थ तथ्याङ्क र विवरण यकिन गरिनेछ।<br>● विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गराउन अभिभावक शिक्षा तथा सचेतनाका कार्यक्रम कार्यान्वयन गरिनेछ।<br>● विद्यालय वातावरण लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, बालमैत्री बनाइनेछ।<br>● लैंगिक तथा यौनिक अल्पसङ्ख्यक समुदायमैत्री तथा समावेशी विद्यालयका लागि भौतिक वातावरण सुधार गरिनेछ।<br>● अपाङ्गता भएका बालबालिकाको अपाङ्गता पहिचान तथा प्रारम्भिक पहिचानका लागि सहजीकरण गरिनेछ।<br>● अशक्त, असहाय, विपन्न तथा अविभावक विहिन बालबालिकाको विद्यालय शिक्षामा पहुँच सुनिश्चित गरिनेछ।<br>● अपाङ्गता भएका बालबालिकाका लागि विद्यालयमा आधारभूत सिकाइ अवस्था (Basic Learnings Conditions) सृजना गर्न सहयोग गरिने छ। |

**कार्यक्रम**

- स्थानीय तहको नेतृत्व र संस्थाहरूको सहयोगमा घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिरका बालबालिकाको यथार्थ विवरण संकलन गर्ने।
- विद्यालय बाहिर कुनै पनि बालबालिका नरेहको स्थानीय तह सुनिश्चित गरि शतप्रतिशत बालबालिका विद्यालय शिक्षामा पहुँच पुऱ्याएको स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्ने।
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र लैङ्गिकता-मैत्री बनाउने।
- सबैका लागि पहुँचयुक्त कक्षाकोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, खेलमैदान, शौचालय तथा उपलव्ध प्रविधिमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने।
- बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको व्यक्तिगत स्थिति सर्वेक्षण गर्न सहजीकरण गर्ने।
- बाल संरक्षणका लागि बालबालिकामाथी हुने घटना न्यूनीकरण तथा व्यवस्थापनका लागि सञ्जाल तथा गुनासो सनुवाइ समितिको सुदृढीकरण गर्ने।
- लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका बालबालिकाहरूको पहुँचलाई सुनिश्चित गर्ने।

मा. मधुराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

| | |
|---|---|
| ● अपाङ्गता प्रमाणित भएका बालबालिकाको जन्मदर्ता, विद्यालय भर्ना तथा पुनर्स्थापना गर्ने । | |
| उद्देश्य २: | स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सम्वन्धी कार्यक्रम तर्जुमा तथा कार्यान्वयमा सहजीकरण गर्नु । |
| रणनिति | ● स्थानीय तहको सम्बद्ध कर्मचारी र सरोकारवालाहरूको क्षमता विकास गर्ने ।<br>● बालबालिका विद्यालयमा भर्ना भएको सुनिश्चित गर्ने कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने । |
| कार्यनीति | ● बालिका तथा समावेशी शिक्षामा स्थानीय तह–स्तरीय सञ्जालका पदाधिकारी तथा सदस्य, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, जनप्रतिनिधि तथा सरोकारवालाको क्षमता विकास गरिने छ ।<br>● स्थानीय तहको वार्षिक योजना तथा कार्यक्रममा बालिका तथा समावेशी शिक्षाका कार्यक्रम समावेश गरिने छ ।<br>● लैङ्गिक उत्तरदायी तथा समावेशी शिक्षाका लागि स्रोत व्यवस्थापन गरिने छ ।<br>● बालबालिका, अपाङ्गता भएका, लैंगिक यौनिक तथा अल्पसंख्यक समुदायका तथा सीमान्तकृत बालिकाको आवाजलाई नीतिगत निर्णयहरूमा प्राथमिकता दिने र योजनामा प्रतिविम्बित भएको सुनिश्चित गर्न स्थानीय सरकारलाई सहयोग र समर्थन गरिने छ ।<br>● विभिन्न विद्यालयमा अध्ययनरत अपाङ्गता भएका बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्न र उनीहरूलाई प्रदान गर्नुपर्ने शैक्षणिक सेवाको सुनिश्चितता गराउने सम्बन्धमा समन्वयकारी भूमिका खेल्ने ।<br>● गुनासो सुनुवाइ व्यवस्था सम्वन्धी प्रधानाध्यापक तथा फोकल शिक्षकको क्षमता विकास गरिने छ । |

**कार्यक्रम**

- स्थानीय तहको शिक्षा योजनामा बालिका तथा समावेशी शिक्षासम्बन्धी कार्यक्रम समावेश गर्नका लागि स्थानीय तहका सरोकारवालाहरूको क्षमता विकास गर्न आवधिक रूपमा तालिम तथा अभिमुखीकरण गर्ने ।
- लैङ्गिक सम्पर्क व्यक्ति (GFP) को व्यवस्थालाई सुदृढीकरण तथा क्षमता विकास गर्ने ।
- महिला प्रधानाध्यापक तथा शिक्षकको क्षमता विकाससम्बन्धी कार्यक्रम लागु गर्ने।
- प्रध्यानाध्यापक तथा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास सम्बन्धी कार्य सञ्चालन गर्ने ।
- लैङ्गिक उत्तरदायी योजना र बजेट व्यवस्था तथा लैङ्गिक परीक्षणसम्बन्धी अभिमुखीकरण तथा तालिम कार्यविधि तयार गरी योजनामा संलग्न हुने पदाधिकारीलाई तालिम प्रदान गर्ने।
- विद्यालय तहमा गठन हुने विभिन्न समूह तथा समितिमा बालिका, सीमान्तकृत समूहका बालबालिकाको सहभागिता सुनिश्चित गराउने।
- विपन्न र सीमान्तकृत समुदायका बालबालिकालाई थप सिकाइ सामग्रीको उपलब्धताका लागि समन्वय र सहजीकरण गर्ने।
- लैङ्गिक उत्तरदायी तथा अपाङ्गता समावेशी शिक्षासम्बन्धी कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गर्न

| | |
|---|---|
| सहजीकरण गर्ने। (जस्तैः, बैठक, अन्तरक्रिया, गोष्ठि आयोजना गर्ने)<br>● यस योजनामा उल्लिखित उद्देश्य प्राप्ति गर्न आवश्यक स्रोत व्यवस्थापनका लागि क्षमता विकास तथा सहजीकरण गर्ने।<br>● विद्यालयमा आयोजना हुने अतिरिक्त र सहक्रियाकलापहरूमा बालिका, सीमान्तकृत समूहका बालबालिकाको सहभागिता सुनिश्चित गराउनका लागि विद्यालयसँग समन्वयात्मक कार्य गर्ने। | |
| उद्देश्य ३. | प्रदेश, स्थानीय तहमा बालिका तथा समावेशी शिक्षासम्बन्धी सञ्जाल गठन, पुनर्गठन गरी सञ्जालको नीति निर्माण तथा कार्यान्वयनमा पैरवी गर्ने। |
| रणनीति | ● कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन गर्न स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जाल विस्तार तथा क्षमता विकास गर्ने। |
| कार्यनीति | ● प्रदेश तथा स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जाल निर्माण, परिचालन र सुदृढीकरण गरिने छ। |
| **कार्यक्रम** | |
| ● प्रदेश, स्थानीय तथा विद्यालय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन, पुनर्गठनमा सहजीकरण गर्ने।<br>● बालिका तथा समावेशी शिक्षासम्बन्धी सञ्जालको नमुना कार्यविधि निर्माण तथा अद्यावधिक गर्ने।<br>● प्रदेश, स्थानीय तथा विद्यालय तहको सञ्जालको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।<br>● स्थानीय तहलाई आवश्यकताअनुसार बालिका तथा समावेशी शिक्षा सञ्जालको रणनीति तर्जुमा गर्न सहजीकरण गर्ने।<br>● स्थानीय तहको बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्ययोजना विकास गरी लागु गर्न सहजीकरण गर्ने।<br>● स्थानीय स्तरमा गठन भई सञ्चालनमा रहेका सञ्जालहरूलाई प्राविधिक सहयोग प्रदान गर्ने, अनुगमन तथा मूल्याङ्कन गर्ने।<br>● बालिका तथा समावेशी शिक्षा सञ्जालमा प्रहरी, स्वास्थ्यकर्मी, मनो-सामाजिक परामर्शदाता, विद्यालय स्वास्थ्य कर्मचारी तथा स्थानीय तहमा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्थाको साथै सञ्जालमा लैङ्गिक सम्पर्क व्यक्ति जस्ता पक्षको सहभागिता सुनिश्चित गर्ने।<br>● सञ्जालका कार्यक्रम सञ्चालन गर्न सरकार, निजी क्षेत्र र संघ संस्थाबाट आवश्यक बजेट विनियोजन गर्ने। | |
| उद्देश्य ४. | बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्न सहजीकरण गर्ने। |
| रणनीति | ● शिक्षामा लैङ्गिक समविकास तथा समावेशिताका लागि लक्षित कार्यक्रम विकास तथा सञ्चालन गर्ने<br>● सेवा, उत्प्रेरणा तथा सहयोगको व्यवस्था गर्ने।<br>● बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको सिकाइ उपलब्धिमा सुधार, निरन्तर सिकाइ र सिप विकासका लागि आवश्यक कार्य गर्ने। |
| कार्यनीति | ● बालविवाहको जोखिममा रहेका बालिका तथा विवाहित बालिकाका शिक्षाको निरन्तरताका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ। |

| | |
|---|---|
| | ● बहुवहिष्करणको चपेटामा परेका बालबालिकाको वैयक्तिक आवश्यकता सम्बोधन हुने गरी व्यक्ति विशेष उपाय (Case by case approach) बाट कार्यक्रम सञ्चालन गर्न सहजीकरण गरिने छ।<br>● बालिका सशक्तीकरण र नेतृत्व विकासका कार्यक्रम सञ्चालन गरिने छ। |
| **कार्यक्रम** | |
| ● बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको सिकाइमा सुधार र निरन्तरता तथा सिप विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन तथा सहजीकरण गर्ने।<br>● लैङ्गिक उत्तरदायी योजना र बजेट व्यवस्था तथा लैङ्गिक उत्तरदायी तथा समावेशी सिकाइ सहजीकरण (GRIP/GIP) का लागि शिक्षण सिकाइमा मातृभाषाको प्रयोग गर्न शिक्षकको क्षमता विकास गर्ने।<br>● लैङ्गिक तथा समावेशी शिक्षण सिकाइ (Inclusive Pedagogy) विधि सम्बन्धमा शिक्षकहरूको क्षमता विकास गर्ने।<br>● बालबालिकाको नेतृत्व विकास गर्ने र उनीहरूका सवालहरूलाई तत्काल सम्बोधन गर्ने व्यवस्था गर्ने।<br>● विद्यालयमा हुने लैङ्गिक भेदभाव र हिंसा अन्त्य गर्न गुनासो सुनुवाइसम्बन्धी संयन्त्र निर्माण तथा व्यवस्थित गरी प्रभावकारी बनाउने।<br>● अपाङ्गता भएका बालबालिकाको सिकाइ क्रियाकलापमा सहभागिता सुनिश्चित गराउने सन्दर्भमा शिक्षक, कर्मचारी तथा व्यवस्थापन समिति एवं बालिका तथा समावेशी शिक्षा संजालको क्षमता विकास गर्ने।<br>● विद्यालय शिक्षाको अवसर नपाएका तथा विद्यालय छाडेका किशोर किशोरीको सिकाइका लागि उपयुक्त कार्यक्रम सञ्चालनका लागि सहजीकरण गर्ने।<br>● अपाङ्गता भएका बालबालिकालाई आवश्यक र सान्दर्भिक शैक्षिक तथा पाठ्यसामग्रीको विकास गर्ने।<br>● बालबालिकाको पठनपाठन तथा सिकाइ प्रगतिको मूल्याङ्न प्रणाली समावेशी बनाउने।<br>● विपन्नताका कारण विद्यालयमा आउन नसकेका बालबालिकालाई थप प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।<br>● सडक बालबालिका, मौसमी बसाईसराई गर्ने परिवारका बालबालिका तथा सीमान्तकृत जातजातिका बालबालिका अनुकूल सिकाइका कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने।<br>● प्रारम्भिक कक्षादेखि आधारभूत तहसम्म बालबालिकाको मातृ भाषामा शिक्षण व्यवस्था गर्ने। | |
| उद्देश्य ५ | बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाको सुनिश्चितताका लागि अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन तथा सहजीकरण गर्ने। |
| रणनीति | बालिका तथा अपाङ्गता सम्बन्धी समाजिक मूल्य मान्यताका कारण देखिएका गलत अभ्यासको अन्त्य गर्न सरोकारवालाको व्यवहार परिवर्तनका लागि अभिभावक, परिवार र समुदायको परिचालन गर्ने। |
| कार्यनीति | ● बालिका तथा अपाङ्गता सम्बन्धी गलत अभ्यासहरूको अन्त्य गर्न समुदाय तथा सरोकारवाला परिचालन गर्ने।<br>● समाजमा प्रचलित गलत र हानिकारक अभ्यासहरूको अन्त्य गर्न समन्वय र सहकार्य गर्न सहजीकरण गर्ने। |

| | |
|---|---|
| | ● लैङ्गिक भेदभाव, हिंसा तथा जोखिमलाई अन्त्य गर्न विद्यमान नीति तथा कानूनी सचेतनाका लागि प्रचारप्रसार गर्ने।<br>● अपाङ्गता भएका बालबालिकाको सम्बन्धमा घरपरिवार, समाज र विद्यालयबिच सहकार्यका लागि आवश्यक समन्वय र मार्गदर्शन गर्ने। |
| **कार्यक्रम** | |
| ● अभिभावकसँग सहकार्य गरी बालबालिकाको शैक्षिक तथा अन्य समस्या समाधानको वातावरण बनाउने।<br>● बालिका तथा अपाङ्गता भएका बालबालिकालाई माया, सम्मान गर्ने, भेदभाव तथा हिंसा, दुर्व्यवहार नगर्ने, असल कार्यमा सहभागी हुने, व्यक्ति, परिवार र समुदायलाई सामाजिक रूपमा सम्मान र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।<br>● समावेशी शिक्षाका सम्बन्धमा अभिभावक शिक्षा र सचेतनाका कार्यक्रम सञ्चालन गरी अभिभावकलाई आफ्ना बालबालिकाको शिक्षामा जिम्मेवार बनाउन सहयोग गर्ने।<br>● अपाङ्गता शिक्षा, संरक्षण, अधिकार जस्ता विषयमा जनचेतनामूलक अभियान सञ्चालन गर्ने।<br>● बालविवाह अन्त्यका लागि सामाजिक संघ-संस्थाहरूको परिचालनद्वारा संयुक्त अभियान सञ्चालन गर्ने।<br>● लैङ्गिक भेदभाव तथा हिंसा अन्त्य गर्ने सम्बन्धमा कानूनमा भएका प्रावधानसहितको स्रोत पुस्तिकाको प्रकाशन गरी विद्यालय, स्थानीय तह तथा स्थानीय नेतृत्वलाई वितरण गर्ने। | |
| उद्देश्य ६ | बालिका तथा समावेशी शिक्षाका कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने। |
| रणनीति | प्रदेश र स्थानीय तहबिच समन्वय, सहकार्य सहजीकरणका लागि अनुगमन, पृष्ठपोषण तथा सहयोग प्रवर्धन गर्ने। |
| कार्यनीति | बालिका तथा समावेशी शिक्षाका कार्यक्रमको कार्यान्वयन, अनुगमनका लागि सूचक विकास गर्ने<br>कार्यक्रमको आवधिक मूल्याङ्कन र पृष्ठपोषणको व्यवस्था गर्ने। |
| **कार्यक्रम** | |
| ● स्थानीय तह तथा विद्यालयमा बालिका तथा समावेशी शिक्षाका कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि सहजीकरण गर्ने।<br>● स्थानीय र प्रदेश सञ्जालहरूको नियमित बैठक तथा अन्तरक्रिया सञ्चालन गर्ने।<br>● सरकार, समुदाय र संघ-संस्थाको सहकार्यमा समावेशी शिक्षाका नीति, योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि बजेट व्यवस्थापन गर्ने।<br>● रणनीतिमा उल्लिखित कार्यक्रमहरूको आधाररेखा, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गर्ने।<br>● बालिका तथा समावेशी शिक्षा सञ्जालको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहबाट संयुक्त अनुगमन गर्ने।<br>● स्थानीय तहले आ-आफ्नो आवश्यकताअनुसार बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति तर्जुमा गर्न चाहेमा सहजीकरण गर्ने। | |

| | |
|---|---|
| **उद्देश्य ७** | **मौसमी बसाइँ सराइले बालबालिकाको पढाइमा परेका नकारात्मक असर न्यूनीकरण गर्ने।** |
| रणनीति | प्रदेश र स्थानीय तहबिच समन्वय, सहकार्य सहजीकरणका लागि अनुगमन, पृष्ठपोषण तथा सहयोग प्रवर्धन गर्ने। |
| कार्यनीति | मौसमी बसाइँ सराइ हुने मुख्य पालिका र समुदायको यकिन गरी उक्त क्षेत्र केन्द्रित कार्यक्रमहरू कार्यान्वयन गर्ने। |
| **कार्यक्रम** | |
| ● मौसमी बसाइँ सराइले बालबालिकाको पढाईमा परेको प्रभावको क्षेत्रको पहिचान गर्ने।<br>● विपन्नताका कारण अभिभावकहरूले मौसमी बसाइँ सरेर काममा जानुपर्ने अवस्थाका बालबालिकाहरूलाई आवासीय प्रवन्धको व्यवस्था गर्ने।<br>● बसाई-सराइका कारण विद्यालय शिक्षामा पहुँच नपुगेका बालबालिकाको तथ्याङ्क यकिन गर्ने।<br>● समुदायस्तरमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।<br>● अभिभावकहरूलाई स्थानीयस्तरमा आयआर्जन कार्यक्रममा सहभागी गराउने।<br>● विपन्नता हेरी अभिभावकलाई स्थानीय स्तरमा रोजगारी र स्वरोजगारीका लागि आर्थिक तथा प्राविधिक सहयोगका कार्यक्रम सञ्चालन गर्ने।<br>● पालिकास्तरमा सुविधासम्पन्न आवासीय विद्यालय स्थापना गरि गरिब तथा भौतिक दुरी टाढा भएका बालबालिकाहरू लाई आवासिय सुविधा प्रदान गर्ने। | |

### ३.२ कार्ययोजना

संघ, प्रदेश तथा स्थानीय तह र विद्यालयमा सेवा प्रदान गर्ने सबै निकाय तथा सरोकारवालासँगको समन्वयमा कार्ययोजना निर्माण गरी यस रणनीतिको कार्यान्वयन गरिनेछ।

### ३.३ स्रोत व्यवस्थापन

यस रणनीतिको कार्यान्वयनका क्रममा कार्ययोजना तय गरी सञ्चालन गर्न संघ, प्रदेश र स्थानीय तहका सरकार, राष्ट्रिय तथा अन्तरराष्ट्रिय विकास साझेदार संस्थाहरू, निजी क्षेत्र वा सरोकारवालासँग समन्वय गरी स्रोतसाधन व्यवस्थापन गरिनेछ।

### ३.४ सम्भावित जोखिमको पहिचान

यस रणनीति कार्यान्वयनका क्रममा आउन सक्ने जोखिमहरूलाई देहायबमोजिम पहिचान गरिएको छः

१. आवश्यक स्रोतको सुनिश्चितता गर्नु,

२. सम्बन्धित स्थानीय तहका पदाधिकारीहरूको कार्यान्वयन प्रतिबद्धतामा प्राप्त गर्नु,

३. सरोकारवालाबिच सम्बन्ध तथा समन्वय कायम गर्नु,

४. सञ्जालमा आबद्ध कर्मचारी, स्वयम्-सेवक तथा शिक्षकहरूमा उत्प्रेरणा कायम गर्नु,

मा. मेघराज खड्का
मन्त्री
शैक्षिक विकास मन्त्रालय

५. विद्यमान परिवर्तन प्रतिरोधी मूल्य मान्यता र संस्कारलाई रूपान्तरण गर्नु,

६. कानूनको प्रभावकारी कार्यान्वयन गर्नु,

७. सञ्जालको कार्य प्रक्रियाको सम्बन्धमा आवश्यक ज्ञान, सिप र अभिमुखीकरणको अभाव हुन सक्ने,

८. सबै प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि आवश्यकतामा आधारित सिकाइ अवसर सुनिश्चित गर्नु।

### ३.५ सम्भावित जोखिमको व्यवस्थापन

यस रणनीतिको कार्यान्वयनमा देखिन सक्ने जोखिमहरूको व्यवस्थापन गर्न देहायबमोजिमका उपाय अवलम्बन गरिने छः

१. संघ-, प्रदेश, स्थानीय तह र साझेदार संस्थाले आवश्यक बजेट विनियोजन गर्ने,

२. सम्बन्धित पदाधिकारीलाई लिखित प्रतिबद्वता गराउने,

३. मासिक बैठकको व्यवस्था गर्ने,

४. सरोकारवालाको क्षमता विकास गर्ने,

५. स्थानीय परिवेश र आवश्यताअनुसार स्थानीय तहले आफ्नो योजना निर्माण गरी कार्यान्वयन गर्ने,

६. स्थानीय तह र विद्यालयस्तरीय क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गर्ने।